नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(.............................................शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :
च.नं. :

मिति : .....................................

## प्रेस विज्ञप्ति

मिति २०७३।४।७ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको आयोजनामा प्रशासन पुनःसंरचनाको खाका तर्जुमा गरी प्रतिवेदन पेश गर्न गठित समूहगत कार्यदलका सदस्यहरुको लागि अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ । नेपाल सरकारका मुख्यसचिवज्यूको अध्यक्षतामा सम्पन्न उक्त अभिमुखीकरण कार्यक्रममा नेपालको संविधान बमोजिम संघीयता कार्यान्वयन तथा प्रशासन पुनःसंरचना सम्बन्धमा नेपाल सरकारका मुख्यसचिव डा. सोमलाल सुवेदी, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव श्री चन्द्रकुमार घिमिरे, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव श्री टेकप्रसाद ढुंगाना, अर्थ मन्त्रालयका सचिव (राजश्व) श्री राजन खनाल, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिव श्री महेन्द्रमान गुरुङ्ग, सामान्य प्रशासन मन्त्रालयका सचिव श्री टंकमणि शर्माबाट विभिन्न विषयमा कार्यपत्रहरु प्रस्तुत भएको थियो ।

नेपाल सरकारका मुख्यसचिवको संयोजकत्वमा रहेको संघीयता कार्यान्वयन तथा प्रशासन पुनःसंरचना समन्वय समितिको निर्णयानुसार गठित समाजिक, आर्थिक, पूर्वाधार, सुरक्षा तथा शासकीय प्रवन्ध र संवैधानिक निकाय, संसद्, कानून र अन्य गरी ५ वटा समूहगत कार्यदलहरुमा विभिन्न सरकारी निकायहरुका ३४ जना सहसचिवहरु रहनु भएको छ । नेपालको संविधान बमोजिम संघ, प्रदेश र स्थानीय तहलाई प्रदत्त एकल तथा सहबर्ती अधिकार बमोजिम बिस्तृत कार्यसूची तयार गर्ने, संघ, प्रदेश र स्थानीय तहको तहगत प्रोफाइल तयार गर्ने, तीनवटै तहको संगठन संरचनाको खाका तयार गर्ने, संघ, प्रदेश र स्थानीय तहका सरकारी निकायलाई आवश्यक पर्ने जनशक्तिको प्रक्षेपण गर्ने, संघ, प्रदेश र स्थानीय तहको संगठन संरचनाहरुमा जनशक्ति समायोजन गर्न कार्ययोजना पेश गर्ने लगायतको कार्यादेश रहेको छ।

समूहगत कार्यदलको स्वीकृत कार्यविधिअनुरुप निर्धारित कार्ययोजना बमोजिम कार्य सम्पन्न गर्न/गराउन कार्यदललाई सहयोग, समन्वय, सहजीकरण र उत्प्रेरित गर्ने उद्देश्यले आयोजित सो अभिमुखीकरण कार्यक्रममा प्रस्तुत भएका कार्यपत्रहरु उपर प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवहरु श्री शान्तबहादुर श्रेष्ठ र श्री कमलशाली घिमिरेले टिप्पणी गर्नुभएको थियो । टिप्पणीकर्ता तथा सहभागीहरुबाट उठेका विभिन्न जिज्ञासाहरु उपर नेपाल सरकारका मुख्यसचिव डा. सोमलाल सुवेदीबाट प्रष्ट पार्दै व्यवसायिक दक्षताको अधिकतम प्रयोग गरी राष्ट्रसेवकहरुलाई सुम्पिएको ऐतिहासिक कार्यजिम्मेवारीलाई कुशलतापूवर्क पूरा गर्न कार्यदललाई निर्देशन दिनुभएको थियो । निर्देशनको क्रममा आगामी एक हप्ता भित्र सबै कार्यदलहरुले तत्काल बैठक राखी आगामी २०७४ साल जेठ मसान्तभित्र प्रशासन पुनःसंरचनासम्बन्धी सबै काम सम्पन्न गर्ने गरी आ-आफ्नो कार्ययोजना तयार गरी काम थाल्न समेत निर्देशन दिनुभएको थियो ।

२०७३ साउन ९ गते

...............................
विनोद वहादुर कुँवर
प्रवक्ता/सहसचिव

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२१११०७ पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई–मेल : info@nepal.gov.np
वेब साइट : http://www.opmcm.gov.np